# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, असार ३ गते २०५३ साल (संख्या १०

## भाग ३

श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४२ संख्या ३३ मिति २०४६।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ को अनुसूची - २ को पैठारीका लागि पूर्ण बन्देज लागेका वस्तुहरूको खण्ड १ को उपखण्ड १.५ पछि देहायको उपखण्ड १.६ थप गरेको छ ।

"१.६ प्लाष्टिकका झुत्रोहरू एवं पुनःप्रशोधित (रिसाइकल्ड) प्लाष्टिकका दानाहरू"

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव

227

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

श्रम मन्त्रालयका सचिव श्री आनन्दवल्लभ जोशी थाइल्याण्डको बैङ्ककमा आयोजना हुने "Home Based Workers" विषयक गोष्ठीमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री छविराज पन्तलाई मिति २०५३।२।८ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री विश्वनाथ सापकोटा नेपाल बैङ्क लि. को अध्यक्षको हैसियतले बैङ्कको कामको सिलसिलामा सिंगापुर र हङकङ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका का. मु. विशेष सचिव श्री केशवराज राजभण्डारीलाई मिति २०५३।२।६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री नारायणराज तिवारी माननीय मन्त्रीज्यूका साथ संयुक्त राज्य अमेरिकातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अधिकृत, रा.प. प्रथम श्रेणी (प्रा.) श्री दामोदर पराजुलीलाई मिति २०५३।२।१४ देखि कायम मुकायम मुकरर गरेको छ।



२२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री दीपेन्द्रपुरूष ढकाल दक्षिण अफ्रिकामा आयोजना गरिने Nepal Sales mission to South Africa 96 मा माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूले नेतृत्व गर्नुभएको मिशनमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम(१)को खण्ड(क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री कुमारप्रसाद पौडेललाई मिति २०५३।२।१६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ५

निर्माण तथा यातायात मन्त्रालयका का. मु. सचिव श्री बरूणप्रसाद श्रेष्ठ अरनिको राजमार्ग अध्ययन भ्रमण टोलीको नेतृत्व गरी मिति २०५३।२।१६ देखि स्वीट्जरल्याण्डतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव (प्रा.) श्री देवेन्द्रप्रसाद रिमाललाई सोही मिति २०५३।२।१६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।